नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

मिति २०७९ पौष १८ र १९ गते सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल "प्रचण्ड"ज्यूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागी लगायत विभिन्न संवैधानिक अंग तथा नेपाल सरकारका सचिव र प्रदेशका प्रमुख सचिवहरुको संयुक्त बैठकलाई निर्देशन दिनुभयो।

उक्त निर्देशनमा नागरिकका दैनिक आवश्यकता, सार्वजनिक सेवा प्रवाहका विषयहरु, विकास निर्माण र आयोजना संचालनका विषयहरुमा केन्द्रित हुन र जिम्मेवारी कुशलतापूर्वक पुरा गर्न निर्देशन दिनुभयो। ठूला आयोजनामा विनियोजन भएको बजेट र हालसम्मको खर्च तथा भौतिक प्रगति र विकास आयोजनामा गति तीव्र गर्ने उपायहरुसहितको योजना राष्ट्रिय योजना आयोगले तत्काल तयार गर्न र जिम्मेवारी लिने गरी कार्यसम्पादन गर्न निर्देशन दिनुभयो। लक्ष्यअनुसार राजस्व असुली र विकासका काम गर्न पदाधिकारीहरुले विशेष जिम्मेवारी बोध सहित कार्य गर्न र त्यसलाई कार्यसम्पादन मूल्यांकनसँग जोड्न समेत निर्देशन दिनुभयो।

नयाँ संविधान, २०७२ जारी भएपछि राज्य संघीयतामा प्रवेश गरेको र तीनै तहका निर्वाचन सम्पन्न गर्दै एक कार्यकाल पूरा भई दोस्रो आम निर्वाचनबाट यो सरकार गठन भएको सन्दर्भमा संघीयता लागू भएपछि जनताले घरदैलोमा सहज सेवा पाउने , विकास निर्माणमा स्थानीय जनताको सहभागिता हुने, विकासका योजना वस्तुपरक बन्ने, जनताले विकासको फल छिटो प्राप्त गर्ने अपेक्षा बमोजिम विगत ५ वर्षको हाम्रो कार्यसम्पादन हेर्दा सन्तोषजनक देखिएको छैन। स्वास्थ्य बीमा र विपन्नलाई कडा रोग लागेमा रु १ लाखसम्म नि:शुल्क उपचार गराउँदा प्रक्रियागत झन्झटले बिरामीले सहुलियत उपभोग गर्न नपाई रकमको अभावमा ज्यानसमेत जाने गरेको गुनासो कम गर्न विपन्न नागरिकलाई सरल ढंगले सहुलियत दिन समेत निर्देशन दिनुभयो।

संघीय निजामती ऐन आगामी संसदमा पेश गर्ने गरी तयार गर्न निर्देशन दिनुका साथै प्रदेश तथा स्थानीय तहहरुमा जनशक्ति अभाव भई सेवाप्रवाह र विकास निर्माणमा परेको असर कम गर्न संघीय सरकारी निकायका अनावश्यक दरवन्दी कटौती गरी प्रदेश र स्थानीय तहमा जनशक्ति आपूर्ति गर्ने व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिनुभयो।

शिक्षा, स्वस्थ्य, यातायात जस्ता आधारभूत सेवा, राहदानी, सवारी चालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र वितरण तथा मालपोत करदस्तुर बुझाउने जस्ता सेवा लिन नागरिकले बेहोरेका सास्ती हटाउने काम तत्काल प्राथमिकतामा राख्न, सेवा प्रवाहलाई सुलभ र सरल बनाउने तथा विकास निर्माणका कामलाई तीव्रता दिने, काममा देखिएको समस्या पहिल्याउन, नतिजामुखी कार्य फछ्र्यौटमा जुट्न ,सरकार गठनको एक महिनाभित्र राहदानी, राष्ट्रिय परिचयपत्र, सवारी लाइसेन्स, शिक्षा मन्त्रालयबाट प्रदान गरिने "नो अब्जेक्सन सर्टिफिकेट", सरकारी अस्पतालमा विरामीको उपचार, मालपोत, नापी, कर दस्तुर बुझाउने ठाउँमा सेवाग्राहीले अहिले जस्तै लाइनमा बस्ने सास्ती हटाउन, सवारी दुर्घटना कम गर्न मिटरब्याजी समस्या समाधान गर्न, ट्रक ढुवानीमा भएको सिण्डिकेट हटाउन, विचौलिया हटाउन, जनताको बढी भीड हुने मालपोत, लाइसेन्स, जस्ता निकायहरुमा क्षतिपूर्तिसहितको नागरिक

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

पत्र संख्या :
च.नं. :

विरामीको उपचार, मालपोत, नापी, कर दस्तुर बुझाउने ठाउँमा सेवाग्राहीले अहिले जस्तै लाइनमा बस्ने सास्ती हटाउन, सवारी दुर्घटना कम गर्न मिटरब्याजी समस्या समाधान गर्न, ट्रक ढुवानीमा भएको सिण्डिकेट हटाउन, विचौलिया हटाउन, जनताको बढी भीड हुने मालपोत, लाइसेन्स, जस्ता निकायहरुमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र राख्न,जनस्तरमा कोरोना फैलिन नदिन आवश्यक निरोधात्मक र प्रवर्धनात्मक कार्यहरु गर्न निर्देशन दिनुका साथै बुष्टर डोज खोपको लागि कोरोना भ्याक्सिनको तत्काल प्रबन्ध मिलाउन स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिनुभयो।

साथै, शीतलहर, हिमपातले जनजीवनमा पर्ने असरलाई ध्यानमा राखी आवश्यक प्रवन्ध मिलाउन,दैनिक उपभोग्य वस्तुको आपूर्तिमा कमी आउन नदिन, उपभोग्य वस्तुहरुको गुणस्तर सुनिश्चित गर्न र नाफाखोरी, कालोबजारी, कृत्रिम अभाव सिर्जना जस्ता कुराहरु अन्त गर्न सम्वन्धित मन्त्रालयहरुले नियमित रुपमा बजार अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन पनि निर्देशन दिनुभयो।

कार्यालयको समय पालना र कर्मचारी उपस्थिति, सेवाप्रवाह र सेवाग्राहीप्रतिको ब्यवहार लगायतका कार्यालय संचालन र व्यवस्थापनको अनुगमन र निरीक्षण गर्न, आर्थिक क्षेत्रमा रहेका समस्याको स्थायी समाधान गर्न, निजीक्षेत्रलाई विश्वासमा लिई उद्योग, व्यापार पेशा, व्यवसायमा लगानी र संचालन गर्न, सहज र सरल वातावरणको सिर्जना गर्न, आधारभूत वस्तुहरुको उत्पादन बृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्धनका लागि आवश्यक योजना तयार गरी कार्यान्वयनमा ल्याउन निर्देशन दिनुका साथै विकास आयोजनाहरुको आवश्यकताअनुसार आफै पनि अनुगमनमा जाने कार्यतालिका बनाउने सोचमा रहेको कुरा व्यक्त गर्ने भयो।

अन्तमा, सरकारले छिमेकी लगायत सबै मित्रराष्ट्रहरुसँग असंलग्नताको सिद्धान्तमा रहेर सन्तुलित र सुमधुर सम्बन्ध राख्ने जानकारी गराउँदै आर्थिक कुटनीति र अन्तर्राष्ट्रिय समुदायको सहयोगमा द्विपक्षीय र बहुपक्षीय विकास सहायता परिचालन गर्न,अर्थतन्त्रको ठूलो हिस्सा धानेको रेमिटयान्समा योगदान पुर्याइरहेका विदेशमा रहेका नेपालीहरुका समस्या समाधान गर्न तत्काल संरचनात्मक, नीतिगत वा के कस्तो कदम चाल्नुपर्ने हो, यस विषयमा तत्काल नै ध्यान दिएर कार्यान्वयनमा जोड दिन समेत निर्देशन दिनुभयो ।

२०७९ पौष १९

..........................
सन्तोष प्रसाद दाहाल
सहायक प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np